# स्थानीय तह निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०१।१५**

स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ७ मा संशोधन** : स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ७ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा मनोनयनपत्र जाँच गर्ने, मनोनयनपत्र सदर, बदर वा खारेज गर्ने, मत सदर वा बदर गर्ने तथा निर्वाचन परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।"

३. **मूल निर्देशिकाको दफा १० मा संशोधन** : मूल निर्देशिकाको दफा १० को उपदफा (५) को खण्ड (ख) मा रहेका "पाँचसय देखि एक हजारसम्म" भन्ने शब्दहरुको सट्टा "पाँचसय भन्दा बढी" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल निर्देशिकाको दफा १३ मा संशोधन** : मूल निर्देशिकाको दफा १३ मा रहेको "औपचारिक पत्रको आधारमा आयोगले" भन्ने शब्दहरु पछि "फोटो बाहेकको" भन्ने शब्दहरु थपी सोही दफामा रहेका "वा पेनड्राइभ" भन्ने शब्दहरु झिकिएका छन् ।

५. **मूल निर्देशिकाको दफा १४ मा संशोधन** : मूल निर्देशिकाको दफा १४ को उपदफा (२) मा रहेका "र डाउनलोड गरी प्राप्त गर्न" भन्ने शब्दहरु झिकिएका छन् ।

६. **मूल निर्देशिकाको दफा १५ मा संशोधन** : मूल निर्देशिकाको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-

"१५. **निर्वाचन कार्यालयले मतदाता नामावली उपलब्ध गराउने** : मतदाता, राजनीतिक दल, उम्मेदवार वा सरोकारवाला व्यक्तिले मतदाता नामावली खरिद गर्न चाहेमा र निर्वाचन

कार्यालयमा त्यस्तो मतदाता नामावली उपलब्ध भएमा सो कार्यालयले प्रति पृष्ठ तीन रुपैयाँका दरले हुन आउने रकम लिई त्यस्तो मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।"

७. **मूल निर्देशिकाको दफा ३२ मा संशोधन** : मूल निर्देशिकाको दफा ३२ को खण्ड (ढ), (ण) र(त) झिकिएका छन्।

८. **मूल निर्देशिकाको दफा ३९ मा संशोधन** : मूल निर्देशिकाको दफा ३९ को उपदफा (१) पछि देहायको उपदफा (२) थपिएको छ :-

"(२) उपदफा (१) बमोजिम मनोनयनपत्र दर्ता गर्दा कुनै दलको तर्फबाट उम्मेदवार भएका सबै पदका उम्मेदवारहरुको मनोनयनपत्र एकै साथ दर्ता गराउनु पर्नेछ।"

९. **मूल निर्देशिकाको दफा ५७ मा संशोधन** : मूल निर्देशिकाको दफा ५७ को,-

(१) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

"(६क) उपदफा (६) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा निर्वाचन चिन्ह प्रदान गर्न तोकिएको समयमा उपस्थित भएका उपदफा (३) बमोजिम निर्वाचन चिन्ह प्राप्त नगर्ने दलको उम्मेदवारलाई प्राथमिकता दिई निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ । त्यसरी दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख सहित सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सबै वडाका सबै पदमा उम्मेदवारी दिने दलको उम्मेदवारलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।"

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) उपदफा (६) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा एकभन्दा बढी उम्मेदवारले एउटै निर्वाचन चिन्ह रोजेमा दलको उम्मेदवारको हकमा त्यस्तो दलको नामको वर्णानुक्रमको आधारमा र स्वतन्त्र उम्मेदवारको हकमा त्यस्तो उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ।"

१०. **मूल निर्देशिकाको दफा ६७ मा संशोधन** : मूल निर्देशिकाको दफा ६७ को उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) खण्ड (क) बमोजिम गोप्य कक्ष बनाउँदा सामान्यतयाः देहाय बमोजिमको सङ्ख्यामा बनाउनु पर्नेछ :-

(१) तीन सयसम्म मतदाता सङ्ख्या भएको मतदान केन्द्रमा एउटा,

(२) तीन सय एक देखि आठ सयसम्म मतदाता सङ्ख्या भएको मतदान केन्द्रमा दुईटा,

(३) आठ सय एक भन्दा बढी मतदाता सङ्ख्या भएको मतदान केन्द्रमा तीनवटा ।"

११. **मूल निर्देशिकाको दफा ७० मा संशोधन** : मूल निर्देशिकाको दफा ७० को उपदफा (१) मा रहेको "मतगणनाको" भन्ने शब्दको सट्टा "मतदानको" भन्ने शब्द राखिएको छ ।

१२. **मूल निर्देशिकामा दफा ८४क. थप** : मूल निर्देशिकाको दफा ८४ पछि देहायको दफा ८४क. थपिएको छ :-

"८४क. **महिला, पुरुष र अन्य मतदाताले मतदान गरेको तथ्याङ्क फाराम भर्ने** : (१) मतदान अधिकृतले खटाएको कर्मचारी वा स्वयंसेवकले कति समयभित्र कति पुरुष, कति महिला र कति अन्य मतदाताले मतदान गरे भन्ने तथ्याङ्क राख्नका लागि मतदाता नामावलीमा रेजा चिन्ह लगाएपछि अनुसूची-३९क. बमोजिमको क्रम अनुसार पुरुष, महिला वा अन्यको सङ्ख्यामा रेजा (√) चिन्ह लगाउनु पर्नेछ । आयोग, निर्वाचन अधिकृत वा निजले खटाएको टोली वा पर्यवेक्षकले मतदान गर्ने पुरुष, महिला वा अन्य मतदाताको विवरण माग गरेमा सोही तथ्याङ्कको आधारमा जानकारी दिनु पर्नेछ ।

(२) मतदान अधिकृतले मतदान सम्पन्न भएपछि उपदफा (१) बमोजिमको फाराम अन्य कागजातको पोकामा नराखी निर्वाचन कार्यालयमा अलग्गै बुझाउनु पर्नेछ । साथै कति पुरुष, कति महिला र कति अन्य मतदाताले मतदान गरे भनी मतदान अधिकृतले पोलबुकमा समेत लेख्नु पर्नेछ ।"

१३. **मूल निर्देशिकाको दफा ८६ मा संशोधन** : मूल निर्देशिकाको दफा ८६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदाताको सहिछाप गराउँदा लेख्न नसक्ने मतदाताको दायाँ हातको बुढी औंलाको छाप लगाउनु पर्नेछ । दायाँ हातको बुढी औंला नभएमा बायाँ हातको बुढी औंला वा दुबै हातमा बुढी औंला नभएमा दायाँ हातको अन्य कुनै औंला वा सो नभएमा बायाँ हातको अन्य कुनै औंलाको छाप लगाई र कुनै हातमा औंला नभएमा सोही व्यहोरा अधकट्टीमा जनाई मतपत्र दिनु पर्नेछ ।"

१४. **मूल निर्देशिकामा दफा ९४क. थप** : मूल निर्देशिकाको दफा ९४ पछि देहायको दफा ९४क. थपिएको छ :-

"९४क. **मत सङ्केत सार्वजनिक गरेको मतपत्र छुट्टै खाममा राख्ने** : (१) कसैले मतपत्रमा सङ्केत गरी सकेपछि त्यस्तो मतपत्र कसैलाई देखाए वा प्रदर्शन गरेमा वा गोप्य मत सङ्केत गर्ने स्थानमा मत सङ्केत नगरी सोभन्दा बाहिर गई मत सङ्केत गरेमा वा मत सङ्केत गरेको कुरा सार्वजनिक गरेमा त्यस्तो व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ९ को उपदफा (२) बमोजिम पन्ध्रहजार रुपैयाँसम्म जरिबाना गरी सो मतपत्र मतपेटिकामा खसाली नसकेको भए त्यस्तो मतपत्रलाई छुट्टै खाममा राख्नु पर्नेछ र सो खाममा सोही व्यहोरा उल्लेख गरी सिलबन्दी गरी अनुसूची-३९ख. बमोजिमको मुचुल्का खडा गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै खाममा राखिएको मतपत्र गणना गरिने छैन ।"

१५. **मूल निर्देशिकाको दफा १०५ मा संशोधन** : मूल निर्देशिकाको दफा १०५ को उपदफा (२) मा रहेका "वा मतदान गर्न राखिएको विद्युतीय उपकरण" भन्ने शब्दहरु झिकिएका छन् ।

१६. **मूल निर्देशिकाको दफा १२४ मा संशोधन** : मूल निर्देशिकाको दफा १२४ को उपदफा (३) मा रहेका "मतदान प्रतिनिधि" भन्ने शब्दहरुको सट्टा "मतगणना प्रतिनिधि" भन्ने शब्दहरु राखिएका छन् ।

१७. **मूल निर्देशिकाको दफा १२८ मा संशोधन** : मूल निर्देशिकाको दफा १२८ मा रहेका "वा मतदान प्रतिनिधि" भन्ने शब्दहरु झिकिएका छन् ।

१८. **मूल निर्देशिकाको दफा १३० मा संशोधन** : मूल निर्देशिकाको दफा १३० को खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थपिएको छ :-

"(ढ१) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा र निर्वाचन चिन्ह रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,

**उदाहरणार्थ** : निर्वाचित गर्नु पर्ने सबै वा केही पदमा सही ढङ्गबाट मत सङ्केत गरेको भए तापनि त्यस्तो मत सङ्केतको अतिरिक्त निर्वाचन चिन्ह रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मत सङ्केत गरेको रहेछ भने त्यस्तो मतपत्र पूरै बदर गर्नु पर्ने ।"

१९. **मूल निर्देशिकामा दफा १३०क. थप** : मूल निर्देशिकाको दफा १३० पछि देहायको दफा १३०क. थपिएको छ :-

"१३०क. **सम्बन्धित पदको मत बदर हुने** : (१) दफा १३० मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै मतपत्रबाट एकभन्दा बढी उम्मेदवार निर्वाचित हुने अवस्थामा जुन पदको मत बदर हुने हो त्यस्तो मत मात्र बदर गरी अन्य पदको मत सदर हुने अवस्थाको भएमा सदर गरी मत गणना गर्नु पर्नेछ ।

(२) कुनै पदको लागि निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा वा निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी हुने गरी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा र उम्मेदवार नरहेको चिन्ह भएको कोठामा छुट्टा छुट्टै मत सङ्केत गरिएकोमा त्यस्तो मत बदर गर्नु पर्नेछ ।

उदाहरणार्थ : अध्यक्ष वा प्रमुखको पदमा एकजना निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको वा नभएको कुनै दुईवटा निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केत गरिएकोमा सो पदको मत बदर गर्ने तथा वडा सदस्य पदमा दुईजना निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको वा नभएको निर्वाचन चिन्ह भएका दुईभन्दा बढी कोठामा मतसङ्केत गरिएकोमा सो पदको मत बदर हुने ।

(३) वडा समितिको दुईजना सदस्य निर्वाचित हुने मतपत्रमा एकजना उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा सही ढङ्गबाट मत सङ्केत भएको र अर्को निर्वाचन चिन्हमा बदर हुने गरी मतसङ्केत भएकोमा सही ढङ्गबाट मतसङ्केत भएको मत मात्र सदर गरी अर्को मत बदर गर्नु पर्नेछ ।"

२०. **मूल निर्देशिकाको दफा १३३ मा संशोधन** : मूल निर्देशिकाको दफा १३३ को उपदफा (३) मा रहेका "मतदान प्रतिनिधिको" भन्ने शब्दहरुको सट्टा "मतगणना प्रतिनिधिको" भन्ने शब्दहरु राखिएका छन् ।

२१. **मूल निर्देशिकाको १३८ मा संशोधन** : मूल निर्देशिकाको दफा १३८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यसरी दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्दा जुन पदको उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले निवेदन दिएको हो सोही पदको मात्र दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्नु पर्नेछ ।"

२२. **मूल निर्देशिकाको १४९ मा संशोधन** : मूल निर्देशिकाको दफा १४९ मा रहेका "दफा ३६" भन्ने शब्दहरुको सट्टा "दफा १४८" भन्ने शब्दहरु राखिएका छन् ।

२३. **मूल निर्देशिकाको १६४ मा संशोधन** : मूल निर्देशिकाको दफा १६४ को सट्टा देहायको दफा १६४ राखिएको छ :-

"१६४. **उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने** : (१) उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत निर्वाचन आयोग समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा सम्बन्धित निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई सात दिनको म्याद दिई त्यस सम्बन्धमा स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभएमा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम परेको उजुरी र तत्सम्बन्धी कागजात यथाशीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी र तत्सम्बन्धी कागजात प्राप्त भएपछि आयोगले चाहेमा सम्बन्धित उम्मेदवारसँग बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(५) आयोगले यस दफा बमोजिम प्राप्त उजुरी र संलग्न कागजात उपर आवश्यक जाँचबुझ गरी उपदफा (३) बमोजिम निर्वाचन अधिकृतबाट आफू समक्ष उजुरी प्राप्त भएको मितिले सात दिनभित्र उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(६) यस दफा बमोजिम आयोगले उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै उम्मेदवारको अयोग्यताका सम्बन्धमा यस दफा बमोजिम निर्णय गरी नसकेको कारणबाट मात्र त्यस्तो निर्वाचनको काम कारबाहीमा कुनै असर पर्ने छैन ।"

२४. **मूल निर्देशिकामा अनुसूची ३९क. र ३९ख. थप** : मूल निर्देशिकाको अनसूची-३९ पछि देहायका अनुसूची-३९क. र अनुसूची-३९ख. थपिएका छन् :-

"अनुसूची-३९क.

(दफा ८४क. सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

.......................... जिल्ला

.......................... गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति

.......................... मतदान केन्द्र

**महिला/पुरुष/अन्य मतदाताको मतपत्र खसेको तथ्याङ्क फाराम**

| पुरुष | | | | | | | | | | महिला | | | | | | | | | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | १ |
| ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २ |
| २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३ |
| ३१ | ३२ | ३३ | ३४ | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० | ३१ | ३२ | ३३ | ३४ | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० | ४ |
| ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ | ४९ | ५० | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ | ४९ | ५० | ५ |
| ५१ | ५२ | ५३ | ५४ | ५५ | ५६ | ४७ | ५८ | ५९ | ६० | ५१ | ५२ | ५३ | ५४ | ५५ | ५६ | ५७ | ५८ | ५९ | ६० | ६ |
| ६१ | ६२ | ६३ | ६४ | ६५ | ६६ | ४७ | ६८ | ६९ | ७० | ६१ | ६२ | ६३ | ६४ | ६५ | ६६ | ६७ | ६८ | ६९ | ७० | ७ |
| ७१ | ७२ | ७३ | ७४ | ७५ | ७६ | ४७ | ७८ | ७९ | ८० | ७१ | ७२ | ७३ | ७४ | ७५ | ७६ | ७७ | ७८ | ७९ | ८० | ८ |
| ८१ | ८२ | ८३ | ८४ | ८५ | ८६ | ४७ | ८८ | ८९ | ९० | ८१ | ८२ | ८३ | ८४ | ८५ | ८६ | ८७ | ८८ | ८९ | ९० | ९ |
| ९१ | ९२ | ९३ | ९४ | ९५ | ९६ | ४७ | ९८ | ९९ | १०० | ९१ | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | १० |
| १०१ | १०२ | १०३ | १०४ | १०५ | १०६ | ४७ | १०८ | १०९ | ११० | १०१ | १०२ | १०३ | १०४ | १०५ | १०६ | १०७ | १०८ | १०९ | ११० | ११ |
| १११ | ११२ | ११३ | ११४ | ११५ | ११६ | ४७ | ११८ | ११९ | १२० | १११ | ११२ | ११३ | ११४ | ११५ | ११६ | ११७ | ११८ | ११९ | १२० | १२ |
| १२१ | १२२ | १२३ | १२४ | १२५ | १२६ | ४७ | १२८ | १२९ | १३० | १२१ | १२२ | १२३ | १२४ | १२५ | १२६ | १२७ | १२८ | १२९ | १३० | १३ |
| १३१ | १३२ | १३३ | १३४ | १३५ | १३६ | ४७ | १३८ | १३९ | १४० | १३१ | १३२ | १३३ | १३४ | १३५ | १३६ | १३७ | १३८ | १३९ | १४० | १४ |
| १४१ | १४२ | १४३ | १४४ | १४५ | १४६ | ४७ | १४८ | १४९ | १५० | १४१ | १४२ | १४३ | १४४ | १४५ | १४६ | १४७ | १४८ | १४९ | १५० | १५ |
| १५१ | १५२ | १५३ | १५४ | १५५ | १५६ | ४७ | १५८ | १५९ | १६० | १५१ | १५२ | १५३ | १५४ | १५५ | १५६ | १५७ | १५८ | १५९ | १६० | १६ |
| १६१ | १६२ | १६३ | १६४ | १६५ | १६६ | ४७ | १६८ | १६९ | १७० | १६१ | १६२ | १६३ | १६४ | १६५ | १६६ | १६७ | १६८ | १६९ | १७० | १७ |
| १७१ | १७२ | १७३ | १७४ | १७५ | १७६ | ४७ | १७८ | १७९ | १८० | १७१ | १७२ | १७३ | १७४ | १७५ | १७६ | १७७ | १७८ | १७९ | १८० | १८ |
| १८१ | १८२ | १८३ | १८४ | १८५ | १८६ | ४७ | १८८ | १८९ | १९० | १८१ | १८२ | १८३ | १८४ | १८५ | १८६ | १८७ | १८८ | १८९ | १९० | १९ |
| १९१ | १९२ | १९३ | १९४ | १९५ | १९६ | ४७ | १९८ | १९९ | २०० | १९१ | १९२ | १९३ | १९४ | १९५ | १९६ | १९७ | १९८ | १९९ | २०० | २० |
| २०१ | २०२ | २०३ | २०४ | २०५ | २०६ | ४७ | २०८ | २०९ | २१० | २०१ | २०२ | २०३ | २०४ | २०५ | २०६ | २०७ | २०८ | २०९ | २१० | २१ |
| २११ | २१२ | २१३ | २१४ | २१५ | २१६ | ४७ | २१८ | २१९ | २२० | २११ | २१२ | २१३ | २१४ | २१५ | २१६ | २१७ | २१८ | २१९ | २२० | २२ |
| २२१ | २२२ | २२३ | २२४ | २२५ | २२६ | ४७ | २२८ | २२९ | २३० | २२१ | २२२ | २२३ | २२४ | २२५ | २२६ | २२७ | २२८ | २२९ | २३० | २३ |
| २३१ | २३२ | २३३ | २३४ | २३५ | २३६ | ४७ | २३८ | २३९ | २४० | २३१ | २३२ | २३३ | २३४ | २३५ | २३६ | २३७ | २३८ | २३९ | २४० | २४ |
| २४१ | २४२ | २४३ | २४४ | २४५ | २४६ | ४७ | २४८ | २४९ | २५० | २४१ | २४२ | २४३ | २४४ | २४५ | २४६ | २४७ | २४८ | २४९ | २५० | २५ |
| २५१ | २५२ | २५३ | २५४ | २५५ | २५६ | ४७ | २५८ | २५९ | २६० | २५१ | २५२ | २५३ | २५४ | २५५ | २५६ | २५७ | २५८ | २५९ | २६० | २६ |
| २६१ | २६२ | २६३ | २६४ | २६५ | २६६ | ४७ | २६८ | २६९ | २७० | २६१ | २६२ | २६३ | २६४ | २६५ | २६६ | २६७ | २६८ | २६९ | २७० | २७ |
| २७१ | २७२ | २७३ | २७४ | २७५ | २७६ | ४७ | २७८ | २७९ | २८० | २७१ | २७२ | २७३ | २७४ | २७५ | २७६ | २७७ | २७८ | २७९ | २८० | २८ |
| २८१ | २८२ | २८३ | २८४ | २८५ | २८६ | ४७ | २८८ | २८९ | २९० | २८१ | २८२ | २८३ | २८४ | २८५ | २८६ | २८७ | २८८ | २८९ | २९० | २९ |
| २९१ | २९२ | २९३ | २९४ | २९५ | २९६ | ४७ | २९८ | २९९ | ३०० | २९१ | २९२ | २९३ | २९४ | २९५ | २९६ | २९७ | २९८ | २९९ | ३०० | ३० |
| ३०१ | ३०२ | ३०३ | ३०४ | ३०५ | ३०६ | ४७ | ३०८ | ३०९ | ३१० | ३०१ | ३०२ | ३०३ | ३०४ | ३०५ | ३०६ | ३०७ | ३०८ | ३०९ | ३१० | ३१ |
| ३११ | ३१२ | ३१३ | ३१४ | ३१५ | ३१६ | ४७ | ३१८ | ३१९ | ३२० | ३११ | ३१२ | ३१३ | ३१४ | ३१५ | ३१६ | ३१७ | ३१८ | ३१९ | ३२० | ३२ |
| ३२१ | ३२२ | ३२३ | ३२४ | ३२५ | ३२६ | ४७ | ३२८ | ३२९ | ३३० | ३२१ | ३२२ | ३२३ | ३२४ | ३२५ | ३२६ | ३२७ | ३२८ | ३२९ | ३३० | ३३ |
| ३३१ | ३३२ | ३३३ | ३३४ | ३३५ | ३३६ | ४७ | ३३८ | ३३९ | ३४० | ३३१ | ३३२ | ३३३ | ३३४ | ३३५ | ३३६ | ३३७ | ३३८ | ३३९ | ३४० | ३४ |
| ३४१ | ३४२ | ३४३ | ३४४ | ३४५ | ३४६ | ४७ | ३४८ | ३४९ | ३५० | ३४१ | ३४२ | ३४३ | ३४४ | ३४५ | ३४६ | ३४७ | ३४८ | ३४९ | ३५० | ३५ |
| ३५१ | ३५२ | ३५३ | ३५४ | ३५५ | ३५६ | ४७ | ३५८ | ३५९ | ३६० | ३५१ | ३५२ | ३५३ | ३५४ | ३५५ | ३५६ | ३५७ | ३५८ | ३५९ | ३६० | ३६ |
| ३६१ | ३६२ | ३६३ | ३६४ | ३६५ | ३६६ | ४७ | ३६८ | ३६९ | ३७० | ३६१ | ३६२ | ३६३ | ३६४ | ३६५ | ३६६ | ३६७ | ३६८ | ३६९ | ३७० | ३७ |
| ३७१ | ३७२ | ३७३ | ३७४ | ३७५ | ३७६ | ४७ | ३७८ | ३७९ | ३८० | ३७१ | ३७२ | ३७३ | ३७४ | ३७५ | ३७६ | ३७७ | ३७८ | ३७९ | ३८० | ३८ |
| ३८१ | ३८२ | ३८३ | ३८४ | ३८५ | ३८६ | ४७ | ३८८ | ३८९ | ३९० | ३८१ | ३८२ | ३८३ | ३८४ | ३८५ | ३८६ | ३८७ | ३८८ | ३८९ | ३९० | ३९ |
| ३९१ | ३९२ | ३९३ | ३९४ | ३९५ | ३९६ | ४७ | ३९८ | ३९९ | ४०० | ३९१ | ३९२ | ३९३ | ३९४ | ३९५ | ३९६ | ३९७ | ३९८ | ३९९ | ४०० | ४० |
| ४०१ | ४०२ | ४०३ | ४०४ | ४०५ | ४०६ | ४७ | ४०८ | ४०९ | ४१० | ४०१ | ४०२ | ४०३ | ४०४ | ४०५ | ४०६ | ४०७ | ४०८ | ४०९ | ४१० | ४१ |
| ४११ | ४१२ | ४१३ | ४१४ | ४१५ | ४१६ | ४७ | ४१८ | ४१९ | ४२० | ४११ | ४१२ | ४१३ | ४१४ | ४१५ | ४१६ | ४१७ | ४१८ | ४१९ | ४२० | ४२ |
| ४२१ | ४२२ | ४२३ | ४२४ | ४२५ | ४२६ | ४७ | ४२८ | ४२९ | ४३० | ४२१ | ४२२ | ४२३ | ४२४ | ४२५ | ४२६ | ४२७ | ४२८ | ४२९ | ४३० | ४३ |
| ४३१ | ४३२ | ४३३ | ४३४ | ४३५ | ४३६ | ४७ | ४३८ | ४३९ | ४४० | ४३१ | ४३२ | ४३३ | ४३४ | ४३५ | ४३६ | ४३७ | ४३८ | ४३९ | ४४० | ४४ |
| ४४१ | ४४२ | ४४३ | ४४४ | ४४५ | ४४६ | ४७ | ४४८ | ४४९ | ४५० | ४४१ | ४४२ | ४४३ | ४४४ | ४४५ | ४४६ | ४४७ | ४४८ | ४४९ | ४५० | ४५ |
| ४५१ | ४५२ | ४५३ | ४५४ | ४५५ | ४५६ | ४७ | ४५८ | ४५९ | ४६० | ४५१ | ४५२ | ४५३ | ४५४ | ४५५ | ४५६ | ४५७ | ४५८ | ४५९ | ४६० | ४६ |
| ४६१ | ४६२ | ४६३ | ४६४ | ४६५ | ४६६ | ४७ | ४६८ | ४६९ | ४७० | ४६१ | ४६२ | ४६३ | ४६४ | ४६५ | ४६६ | ४६७ | ४६८ | ४६९ | ४७० | ४७ |
| ४७१ | ४७२ | ४७३ | ४७४ | ४७५ | ४७६ | ४७ | ४७८ | ४७९ | ४८० | ४७१ | ४७२ | ४७३ | ४७४ | ४७५ | ४७६ | ४७७ | ४७८ | ४७९ | ४८० | ४८ |
| ४८१ | ४८२ | ४८३ | ४८४ | ४८५ | ४८६ | ४७ | ४८८ | ४८९ | ४९० | ४८१ | ४८२ | ४८३ | ४८४ | ४८५ | ४८६ | ४८७ | ४८८ | ४८९ | ४९० | ४९ |
| ४९१ | ४९२ | ४९३ | ४९४ | ४९५ | ४९६ | ४७ | ४९८ | ४९९ | ५०० | ४९१ | ४९२ | ४९३ | ४९४ | ४९५ | ४९६ | ४९७ | ४९८ | ४९९ | ५०० | ५० |

तयार गर्ने कर्मचारी/स्वयंसेवकको,-

नाम :-

दस्तखत :-

दर्जा :-

मिति :-

प्रमाणित गर्ने मतदान अधिकृतको,-

नाम :-

दस्तखत :-

मिति :-

**द्रष्टव्य** : एउटा मात्र फारामले नपुग भएमा आवश्यकता अनुसार फाराम थप्दै जानु पर्नेछ ।

अनुसूची-३९ख.

(दफा ९४क. को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

.......................... जिल्ला

.......................... गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति

.......................... मतदान केन्द्र

**मतपत्र सार्वजनिक गरेकोमा छुट्टै खामबन्दी गरेको मुचुल्का**

.................. जिल्लाको ................... गाउँपालिका/नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडा अध्यक्ष/सदस्य/महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि भएको निर्वाचनमा ................ मतदान केन्द्रमा मिति ...............................मा भएको मतदानमा ............................ (मतदाताको नाम) ले मतपत्रमा मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र देखाएको/प्रदर्शन गरेको/गोप्य मत सङ्केत गर्ने स्थानमा मत सङ्केत नगरी सोभन्दा बाहिर गई मत सङ्केत गरेको/मत सङ्केत गरेको कुरा सार्वजनिक गरेकोले सो मतपत्र छुट्टै खाममा राखिएको हुँदा सोही व्यहोरा उल्लेख गरी हामी तपसीलका मानिसहरुले यो मुचुल्का गरी दिएका छौं ।

**तपसील**

१. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................

२. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................

३. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................

४. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................

५. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................

६. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................

मुचुल्का गर्ने कर्मचारीको,-

मिति :-

समय :-

दस्तखत :-

नाम, थर :-

दर्जा :-

मतदान अधिकृतको,-

दस्तखत :-

नाम :-”